# तपाईंको कुकुरले तपाईंलाई प्रत्येक दिन के भन्न खोजिरहेको हुन्छ ?



- म बाँचुन्जेलसम्म मलाई माया र राम्रो व्यवहार गर्नुहोस् । म तपाईंको सबैभन्दा राम्रो साथी बन्न सक्छु ।
- मलाई स्वतन्त्रपुर्वक खेल्न र डुल्न दिनुहोस् । यदि मलाई बाँध्नै परे खान र डुल्न समस्या नहुने किसिमले बाँध्नुहोस् ।
- मलाई तालिम दिनुहोस् ताकि मैले तपाईं मेरो मालिक हो भन्ने थाहा पाउन, राम्रो र नराम्रो व्यवहार के हो भन्ने थाहा पाउन सकूँ ।
- डोरी बान्दा सहज र सजिलै बस्ने ब्यबस्था होस् ।

## चरण १ कुकुर पाल्नुभन्दा पहिले तपाईंले के सोच्नुपर्छ ?

१. के मसँग प्रशस्त ठाउँ छ ? हरेक कुकुरलाई व्यायामको लागि प्रशस्त ठाउँको आवश्यकता पर्दछ ।
२. के मसँग प्रशस्त पैसा छ ? कुकुरहरु पाल्न महँगा हुन्छन् । कुकुर पाल्नुभन्दा पहिले सोच्नुहोस् ।
३. के मसँग प्रशस्त समय छ ? मान्छेजस्तै कुकुरहरु पनि समय र रेखदेख चाहन्छन् ।
४. कुन कुकुर मेरो परिवारको लागि उपयुक्त हुन्छ ?
५. के छाउरा ६ हप्ताभन्दा बढी उमेरको छ ?

धेरै मान्छेहरू महँगो कुकुर लिन चाहन्छन् । स्थानीय कुकुरहरू राम्रो पाल्तु बन्न सक्छन् । धेरै चलाख र सुरक्षात्मक, साधारणतया स्वस्थ र राम्रोसँग स्थानीय अवस्थामा घुलमिल हुन सक्छन् । नेपाली हुनुमा र नेपाली कुकुर पाल्नुमा गर्व गर्नुहोस् । ६ हप्ताभन्दा कम उमेरका कुकुर लिनु राम्रो होइन । कुकुर बलियो, स्वस्थ र आधारभूत जीवनका सीप सिक्न तिनीहरूलाई आमाको दुध र १-५ महिनासम्म आमाको हेरविचार चाहिन्छ । छाउरा/छाउरी कहिले जन्मिएका हुन् ? मालिकसँग सोधी उमेर यकिन गर्नुहोस् ।



## चरण २ मेडिकल रेखदेख

छाउरा/छाउरी आफ्नो घरमा लानु पहिले तिनीहरु स्वस्थ छन् कि छैनन् जाँच गर्नुहोस् । यदि ती कुपोषित र घाइते छन् भने पशु चिकित्सकसँग चाँडो सम्पर्क गर्नुहोस् ।

## चरण ३ भुसुन्ना र परजिवी विरुद्ध उपचार

के छाउरा/छाउरी स्वस्थ छन्? तिनीहरुलाई घरमा लैजानु अघि तिनीहरुमा परजीवी छन् कि छैनन् यकीन गर्नुहोस् ।

तपाईंलाई चाहिन्छ - उपियाँ हटाउने पाउडर वा स्याम्पू, किराविरुद्ध औषधी

१. उपियाँ मार्न - छाउरा/छाउरीलाई घाममा बाहिर राख्नुहोस् । तिनीहरुलाई उपियाँ हटाउने पाउडर लगाइ दिई सुख्खा तौलिया ले पुछ्नुहोस् र उपियाँ नमरुन्जेलसम्म १ घण्टा छाउरा/छाउरीलाई घाममा बाहिर छाडिदिनुहोस् । यदि घाम लागेको छैन भने उपियाँ मार्ने पाउडर मात्र प्रयोग गर्नुहोस् ।
२. किरा मार्न - छाउरा/छाउरीको लागि किराहरु अत्यन्त खतरनाक हुन सक्छन् । त्यस्ता किराहरुले छाउरा/छाउरीको वृद्धि रोक्ने, भुत्ला खस्रो देखिने र एलर्जी ल्याउने, झाडापखाला र रक्त अल्पताजस्ता रोगहरु ल्याउन सक्छ । छाउरा/छाउरीले आमाको दुधसँगै त्यस्ता किराहरु प्राप्त गरेका हुनसक्छन् । त्यसकारण जन्मिएको ३० दिनपछि त्यस्ता किराविरुद्धको औषधी पशु चिकित्सकसँग सल्लाह गरी दिनुपर्छ ।

## चरण ४ उपयुक्त खाना

छाउरालाई प्रत्येक ३ घण्टामा खानेकुरा खुवाउन आवश्यक हुन्छ । तिनीहरुलाई थोरै मात्रामा बारम्बार खानेकुरा खुवाउनु राम्रो हुन्छ । छाउराको पाचन क्रिया राम्रो बनाउन र भोक बढाउन खानामा तरल पदार्थ थप गर्नुपर्दछ (तर सुख्खा खानामा भने होइन) । छाउराहरुलाई खानामा निम्न पदार्थहरुको आवश्यकता पर्दछ ।

- पानीले घोलिएको दुध
- बच्चाको खाना (जस्तै लिटो, फ्यारेक्स, पोरिज/सेरेलेक) - दुई चम्चा तातो पानी वा पानी मिसिएको दुधमा दुई चम्चा सुख्खा बच्चाको खाना मिसाउनुहोस् ।
- टोस्ट/बिस्कुट - दिनको १ वा २ टुक्रा मात्र
- सुख्खा छाउराको खाना (ख्यातिप्राप्त ब्राण्डको) ताजा वा प्याकेटको खानामा भन्दा सुख्खा खानामा बढी शक्ति र पोषण हुने भएकोले थोरै मात्राको सुख्खा खाना छाउरालाई दिनु पर्याप्त हुन्छ । कुकुरको खानामा अन्य खाना र पानी नमिसाउनुहोस् ।
- घरमा पकाएको खाना - ठूलो भाँडामा बराबर परिमाणको दाल, भात, साग र मासु एकसाथ राखी उमाल्नुहोस् । त्यसमा केहि नुन, अदुवा र बेसार थप्नुहोस् ।



- फलफूलहरु - छाउराहरुले केरा, स्याउ आदि मन पराउँछन् ।
- बिरालोलाई मासु चाहिन्छ तर कुकुरहरु साकाहरी हुन सक्छन् । कुकुरको शाकाहारी खाद्य सूचिको लागि एनिमल नेपालमा तपाईंलाई स्वागत छ ।
- छाउरा छाउरीहरु (६-८ हप्ताभन्दा बढीका) लाई दिनको ४ पटक खानाको आवश्यकता पर्दछ । ती प्रत्येक खानाको परिमाणमा वृद्धि गर्दै ६ महिनामा क्रमशः दिनको दुईपटक खाना खुवाउने गरी घटाउँदै लैजानुपर्छ ।
- खानाको लागि कचौराहरु छुट्याउनुहोस् । कचौराहरु दिनदिनै पखाल्नुहोस् ।
- पानीको कचौराहरु सधैं सफा गर्ने र पानी सधैं फेर्ने गर्नुपर्दछ । (कचौरामा बाँकी रहेको पानीमा माथिबाट थप्ने मात्र गर्नुहुँदैन)

## चरण ५ नाम

तपाईको कुकुरको नाम राख्नुहोस् र विशेषतः तालिममा नाम प्रयोग गर्नुहोस् जसले गर्दा कुकुरले भनेको मान्ने गर्छ ।

## चरण ६ आराम गर्ने ठाऊँ/स्थान



- छाउराहरु निजी, सानो र आरामदायी ठाउँमा अत्यन्त खुशी हुन्छन् । आराम गर्ने ठाउँ बनाउनको लागि तपाईंले पत्रिका, कुसन वा तौलियाले ढाकिएको बाकस प्रयोग गर्न सक्नुहुन्छ वा टेबलको तलतिर वा छेउमा कुसन राखी बनाउन सक्नुहुन्छ । छाउराहरु बाहिर गई दिशा पिसाब गर्न सक्ने र फेरि भित्र पस्न सक्ने गरी आराम गर्ने ठाउँ बनाउनुहोस् ।
- यदि छाउरा ६ हप्ताभन्दा कम उमेरको छ र कमजोर वा अप्ठ्यारो महशुश गरेको छ भने बाक्लो तौलिया मा तातो पानीको बोतल बेरेर छाउराको तलतिर राखिदिनुहोस् । त्यसले नपोलोस् भन्ने कुरालाई ध्यान दिनुहोस् ।
- केहि छाउराहरु रातीमा डराउँछन्, अप्ठ्यारो महशुश गर्छन र सुत्न सक्दैनन् । यदि छाउरा आधा घण्टाभन्दा पनि बढि कराईरहेको छ भने त्यो किन सुत्न सकेको छैन हेर्नुहोस् । उ एक्लो भई डराएर, जाडो भएर वा भोकाएर सुत्न नसकेको हुन सक्छ । उसलाई तातो दुध र बिस्कुट दिनुहोस् र मित्रवत् व्यवहार गर्नुहोस् ।

## चरण ७ दिशा पिसाब गर्ने तालिम



कुकुरलाई उपयुक्त ठाउँमा दिशा पिसाब गर्न सक्ने बनाउन केहि समय र धैर्यता चाहिन्छ । केहि छाउराहरु स्वाभावैले दिशा पिसाब गर्न बाहिर जान्छन् । अन्यले आफ्नो दिशा पिसाब घर भित्र तपाईंको सबैभन्दा प्यारो कुसन वा कार्पेटमा गरिदिन्छन् । छाउराले गलत ठाउँमा दिशा पिसाब गऱ्यो भनी कराउनु बेकार छ (हामीलाई विश्वास गर्नुहोस् - हामीले भोगेका छौं) । छाउरा उठेपछि, खाएपछि र सुत्नुअघि त्यसलाई तपाईंले कुन ठाउँमा दिशा पिसाब गराउन चाहनुभएको छ त्यहाँ राखिदिनुहोस् । उसले दिसा पिसाब नगरुन्जेल पर्खनुहोस् । दिसा पिसाब गरेपछि कुकुरलाई स्याबासी दिनुहोस् । राम्रो कुकुर भनी मुसार्नुहोस् (राम्रो व्यवहार गर्नुहोस् वा थप बिस्कुट दिनुहोस्) । बिस्तारै तर अवश्य छाउराले तपाईंले गराउन चाहेको कुरा महसुस गर्दछ ।



## चरण ८ कुकुरलाई नुहाउन र मित्रवत् व्यवहार गर्न



तपाईंलाई के चाहिन्छ?

बच्चाको स्याम्पू वा कुकुरको स्याम्पू, नरम ब्रस

१. ब्रसिङ् - छाउराको छाला र भुत्ला राम्रो अवस्थामा राख्न नरम ब्रसले दिनदिनै धेरै समयसम्म सफा गर्नुहोस् । विस्तारै कानको पछाडि, वरिपरि अनि पेट, पुच्छर र खुट्टामा ब्रस गर्नुहोस् ।

२. नुहाउन - तपाईंको कुकुर फोहोरी देखिएमा वा दुर्गन्धित भएमा नुहाइदिनुहोस् । बारम्बार नुहाइदिनाले कुकुरको छाला सुख्खा हुन्छ (महिनामा १ पटक नुहाइदिनु पर्याप्त हुन्छ) ।

## चरण ९ खेल्नको लागि समय

शक्तिपुर्वक काम गर्न र नयाँ सीप सिक्न छाउरालाई पर्याप्त खेल्न आवश्यक हुन्छ । तिनीहरुलाई खेल्नको लागि खेलौना दिनुहोस् (बल, पुराना पेटी आदि तर निल्न सक्ने खालका साना खेलौना भने होइन) । दिनको केहि समय भने खेल्न नदिनुहोस् । तपाईंको कुकुरलाई चपाउनको लागि खेलौना वा नक्कली हड्डी जस्ता केहि वस्तु दिनुहोस् । यदि तपाईं आफ्नो छाउरासँग हिंड्न चाहनुहुन्छ भने धेरै समय नहिंड्नुहोस् - १० मिनेट पर्याप्त हुन्छ ।

## चरण १० पशु चिकित्सकलाई भेट्नुहोस्

प्रत्येक छाउरा पशु कार्यालयमा दर्ता भएको हुनुपर्दछ । जीवन जोखिममा पार्ने किसिमका रोगहरु लाग्न नदिन प्रत्येक कुकुरलाई नियमित खोप र जाँच आवश्यक पर्दछ । पशु चिकित्सकले तपाईंलाई मेडिकल उपचारको लागि सुझाव र औषधीको प्रयोग बारे सल्लाह दिन्छन् ।

## खोप तालिका

| कुकुरको उमेर | खोपको प्रकार |
|---|---|
| ३० दिन | Deworming (जुका मार्ने) |
| ४५ दिन | ६ मध्ये १ (Distemper, Para-virus, Hepatitis, Leptosporasis, Para-influenza) |
| २ महिना | Booster |
| ३ महिना | Anti-Rabies |
| प्रत्येक १/२ वर्ष | Anti-Rabies |
| प्रत्येक ३ महिना | Deworming |

## चरण ११ छाउरालाई तालीम दिनुहोस्

छाउरा ३ महिनाको भएपछि उसलाई तालीम दिनु उपयुक्त हुन्छ । आफ्नो कुकुरलाई तालीम दिनको लागि अन्य पाल्तु मालिकको कुकुरसँगै सार्वजनिक तालीममा संलग्न गराउन सक्नुहुन्छ । अथवा तपाईंले स्वतन्त्र तालीम दिने निजी संस्था वा एनिमल नेपालमा सम्पर्क गर्न सक्नुहुन्छ । तपाईंको आदेश (जस्तै उभिन, बस्न, आउन आदि) मान्ने बनाउन कुकुरलाई तालीम दिनुहोस् । जब कुकुरले भनेको मान्छ तब खुशी आवाजमा राम्रो कुकुर भन्नुहोस् । कुकुरलाई अंगालो मार्नुहोस् वा सानो पुरस्कार (राम्रो व्यवहार अर्थात् मासुको सानो टुक्रा) दिनुहोस् । कुकुरले भनेको नमानेमा ठूलो आवाजमा नकराउनुहोस् अर्थात नहिर्काउनुहोस् । कुकुरलाई नचाहेको व्यवहार गर्दा नकारात्मक सुझावभन्दा राम्रो व्यवहारको लागि सकारात्मक पुरस्कार दिनु उपर्युक्त हुन्छ । कुकुरले तपाईलाई खुशी र गर्विलो देख्न चाहन्छ ।

## तपाईंले के गर्नुहुँदैन ?

- फोहोरमा खाना खोज्न कुकुरलाई एक्लै नछाड्नुहोस् ।
- थोरै समयको लागि भएपनि तातो दिनमा पार्क गरिएको कारमा कुकुरलाई नछाड्नुहोस् ।
- कुकुरलाई छोटो सिक्रीले नबाँध्नुहोस् र पानी बिना घाम लागेको वा चिसो ठाउँमा नबाँध्नुहोस् ।
- कुकुरलाई रातमा अनावश्यक भुक्न नदिनुहोस् । कुकुर किन भुकेको हो? बाहिर गएर हेर्नुहोस् र उसलाई शान्त पार्नुहोस् । कुकुरको भुकाईले तपाईलाई डिस्टर्व नगरेपनि अरुलाई डिस्टर्व गरेको हुनसक्छ ।
- तपाईको फर्निचरमा कुकुरलाई सुत्न नदिनुहोस् र अनुहारमा चाट्न नदिनुहोस् ।
- अपरिचित कुकुरहरु (विशेषगरी छाउरा/छाउरी भएका) नजिक जाँदा सावधान रहनुहोस् ।

## यी अवस्थाहरू आउन नदिन तपाईंको कुकुरको बन्ध्याकरण गर्नुहोस् ।

- अनिश्चित गर्भाधारण
- टाढा भाग्न, हराउन र सडकमा दुर्घटना हुन
- गर्भधारण र प्रसवबाट हुने समस्याहरु र रोगहरु
- सम्पर्क समयमा हुने आक्रामक व्यवहार
- सम्पर्क समयमा तपाईको क्षेत्रमा अनावश्यक सडक कुकुरको आगमन
- सडक कुकुरको संख्या वृद्धि



## के मैले पनि आफ्नो घरपालुवा जनावरलाई बन्ध्याकरण गर्नुपर्छ ?

पर्छ । तपाईंले पनि आफ्नो घरमा भएको घरपालुवा जनावरलाई बन्ध्याकरण गर्नुपर्छ र यो एकदमै आवश्यक र महत्वपूर्ण कुरा हो । किनभने यसले तपाईंको कुकुरलाई स्वस्थ राख्नुका साथै रिसाहा बनाउँदैन । यो घरमा सबै जनासँग मिलनसार भएर बस्छ । कुनै किसिमको क्यान्सर वा ट्युमर आदि जस्ता रोग लाग्दैन । साथै यसले जथाभावी बच्चा पाउँदैन। हाम्रो अध्ययन अनुसार बच्चा नपाउने सुईको प्रयोगले पछि कुकुरहरूलाई क्यान्सरजस्ता रोग लाग्ने संभावना हुन्छ । त्यसैले यसको प्रयोग नगर्नु नै राम्रो हुन्छ ।

## मैले आफ्नो घरपालुवा जनावरलाई बन्ध्याकरण कहाँ गर्ने ?

यदि तपाईंले कुकुर पाल्नु भएको छ भने तपाईंको पनि दायित्व वा कर्तव्य हुन्छ कि तपाईंको कुकुर निरोगी र स्वस्थ रहून् । यसको लागि तपाईंले आफ्नो नजिकको भेटनरी क्लिनिक वा अस्पतालमा सम्पर्क राखी डाक्टर वा चिकित्सकको सल्लाह अनुसार आफ्नो कुकुरको बन्ध्याकरण गराउन सक्नु हुन्छ ।

## कृपया तल उल्लेखित कुराहरू नगर्नुहोला

- कुकुरहरूको उत्पादन वा प्रजनन (ब्रिडीङ) नगर्ने ।
- विदेशबाट कुकुरहरु नल्याउने वा नभित्राउने ।
- गाँऊ वा अन्य जिल्लाबाट कुकुरहरु नल्याउने ।
- बच्चा वा वीरामी कुकुरहरूलाई गल्लीमा नछोड्ने आदि ।



## सहयोगको लागि तपाईंको भूमिका

- सर्वप्रथम तपाईंले पालेको कुकुरको राम्ररी स्याहार सुसार गर्ने, समयमा खोप लगाउने, केही समस्या देखेमा नजिकको भेटनरी पसलमा सम्पर्क गर्ने । तपाईंको घरको कुकुरको साथ-साथै सडकका कुकुरहरूले पनि उत्तिकै सुरक्षा पाउने अधिकार भएकाले उनीहरूमा पनि केही समस्या देखा परेमा सम्बन्धित कार्यालयमा सम्पर्क गरिदिनु होला ।
- आफ्नो कुकुरलाई स्वस्थ र निरोगी राख्नका लागि त्यसको बन्ध्याकरण गर्नुहोस् ।
- आफूले जानेको बुझेको कुरा आफन्त र अन्य साथीहरु माझ सुनाउने गरौं ।
- तपाईंले स्वयम्सेवकका रूपमा हामीलाई सहयोग गर्न सक्नु हुनेछ जस्तै: विरामी वा घाइते कुकुर देखेमा हामीलाई सर्म्पक गर्नुहोस् । हामीमा स्रोत र साधनको कमी भएकोले केही समय लाग्न सक्छ तर नआत्तिनुहोस् तपाईं हाम्रो यो साझा अभियानले उनीहरूको जीवन सुन्दर बनाउन सहयोग पुऱ्याउने छ ।

**साङ्लो फुकाउ कुकुरलाई हिड्डुल गर्नबाट बञ्चित नगरौं**

**“उत्तरदायी पाल्तु मालिक हुनुहोस्, र आफ्नो पाल्तुको बन्ध्याकरण गर्नुहोस् ।”**

## जानकारी

एनिमल नेपाल तपाईंको सुरक्षाका साथै तपाईंसँगै वा नजिकमा रहेका सडका कुकुरहरूको सहयोगको लागि "स्वस्थ र खुशी रहुन्, मानव र कुकुरहरु" अभियानका साथ अगाडि बढिरहेको छ र हाम्रो कदममा तपाईंको कदम र साथ सदा-सर्वदा रहनेछ भन्ने हामीले आशा राखेका छौं । सहयोगका लागि तल उल्लेखित ठेगानामा सम्पर्क गर्नुहोला ।

animalNEPAL.org


**एनिमल नेपाल**

एकान्तकुना, ललितपुर, नेपाल

सम्पर्क : ५०००० ४४, ९८४१ ३३४५३७

इमेल: animalnepal@gmail.com

www.animalnepal.org


जथाभावी फोहर मैला फाल्नु भनेको बाहिरी कुकुरहरू भित्राउनु हो । त्यसैले फोहर-मैला सम्बन्धित ठाँउमा मात्र फालौं ।